जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४० अंक १७ २०७८ साल मंसिर ५ गते आइतवार (21 Nov. 2021 Sunday) मूल्य रु. ७/-

छोरीलाई दाइजो होइन शिक्षा दिऔं,
सवल, सक्षम र आत्मनिर्भरताको दीक्षा दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : हैजा रोग - सचेतना र ... पृष्ठ ३ मा : कसरी जोगिने वायु ... पृष्ठ ४ मा : लक्ष्मी-मुक्ति स्मृती पत्रकारिता ... पृष्ठ ५ मा : विद्यापति स्मृतिमा विभिन्न ...

# सप्तरीको छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा ६ को मृत्यु, १८ जना घाइते




**राजविराज**/सप्तरीमा गत साता छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ भने १८ जना घाइते भएका छन् ।

जिल्लाको बोदेबरसाईन नगरपालिका वडा नम्बर ७ हैठि मानराजास्थित बोदेबरसाईन देउरी जाने भित्री सडक खण्डमा मोटरसाइकल आफै अनियन्त्रित भई पुल नजिकैको पिलरमा ठोकिदा चालकको मृत्यु भएको छ ।

दक्षिणबाट उतर तर्फ आउदै गरेको स.६प. ५०६० नम्बरको मोटरसाईकल आफै अनियन्त्रित हुँदा खडक नगरपालिका वडा नं ११ बनौली बस्ने २३ वर्षिय मो. सहजाद आलमको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भिर घाईते भएका आलमको उपचारका क्रममा गजेन्द्र नारायण अस्पताल राजबिराजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको कंचनपुरमा बिहीबार साँझ यात्रुबाहक बसले हायसलाई ठक्कर दिदा दुई जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन ।

मृत्यु हुनेमा ह्ायसमा सबार काठमाडौं बस्ने ३८ बर्षीय ग्रीसमान सिँह र बिराटनगर बस्ने ४१ बर्षीय चुडाबहादुर बस्नेत रहेका छन् । पूर्व-पश्चिम राजमार्ग अर्न्तगत सो सडक खण्डमा काठमाडौबाट पुर्व तर्फ जादै गरेको बा.४ख. ५०७९ नम्बरको हायसलाई पुर्वबाट पश्चिम तर्फ आउदै गरेको ना.५ख. ४६९२ नम्बरको बसले ठक्कर दिदा सो दुर्घटना भएको हो ।

सिंहको घटनास्थलमै मृत्यु भएको हो भने बस्नेतको बिराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारका लागि लैजाँदै गर्दा अस्पताल नजिक ज्यान गएको प्रहरीले जनाएको छ ।

यसैगरि बुधबार राती रोकीराखेको बसमा मोटरसाइकल ठोकिदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका १ कविलासका अन्दाजी २८ वर्षीय भुपेन्द्र चौधरी छन् ।

जिल्लाको शम्भुनाथ नगरपालिका ५ मोहनपुरमा बिग्रिएर रोकी राखेको ना ५ ख ८० १० नम्बरको यात्रुबाहक बसमा प्रदेश २-०१-००१ प२९७१ नम्बरको मोटरसाइकल ठोकिदा चौधरी गम्भीर घाइते भएका थिए ।

घाइते चौधरीलाई उपचारका

***बाँकी चार पृष्ठमा***

# हार्दिक श्रद्धाञ्जली



जन्म मिति
बि.सं. २०१९/०१/०९

स्वार्गारोहण
बि.सं. २०७८/०७/२७

**स्व. कैलाश चौधरी**

यस सुडी समाजका सदस्य श्री निलेश चौधरी र कमलेश चौधरीका बुवा श्री कैलाश चौधरीको मिति २०७८ कार्तिक २७ गते शनिवारका दिन उपचारका क्रममा भएको निधनबाट हामी अत्यन्त स्तव्ध र मर्माहत भएका छौं । यस पीडादायी घडीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृत आत्माको चिरशान्तिका लागि इश्वरसँग प्राथना गर्दछौं । साथै शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति इश्वरले प्रदान गरुन् भन्ने कामना समेत गर्दछौं ।

अध्यक्ष
गोपाल महतो

सचिव
मनोजकुमार माझी

सुडी समाज सप्तरी

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म भईरहेको

**राष्ट्रिय जनगणना २०७८ मा सहभागी होऔं**

कोही नछुटौं, कोही नदोहोरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर-घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कालो ढुसी (म्यूकरमाइकोसिस) सम्बन्धी जान्नै पर्ने कुरा

कोभिड-१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने कालो ढुसीको संक्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ। यो संक्रमण विरलै देखिन्छ तर संक्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने भएकोले समयमा नै ध्यान पुऱ्याउनु आवश्यक छ।

### कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू

- अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने
- ज्वरो आउने
- आँखा र नाक सुन्निने, रातो हुने वा दुख्ने
- आँखाको ढकनी सुन्निने र ढकनी झुक्ने, आँखाले धमिलो देख्ने
- नाकको वरिपरिको छालाको रंग कालो हुँदै जाने, रगत बग्ने, बाक्लो सिंगान आउने
- दाँत दुख्ने वा हल्लिने

### उच्च जोखिम भएकाहरु

- कोभिड-१९ उपचारका क्रममा स्टेरोइड प्रयोग गरेका व्यक्तिहरु
- चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधीको जथाभावी प्रयोग गर्नेहरु
- मधुमेह भएका वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु

### घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू

- सफा र सुख्खा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुन: प्रयोग नगर्ने
- नियमित रुपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने
- घर बाहिर वा फोहरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने
- नुनिलो पानीले नाक सफा गर्ने
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने
- मधुमेह भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधी प्रयोग गर्ने

**यो कोरोना जस्तो एक मानिसबाट अर्को मानिसमा सर्दैन**

## राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# अपराध मुक्त समाजका लागि सहयोग र सहकार्य आवश्यक

भनिन्छ सहयोग र सहकार्यले जुनसुकै पनि कार्यले सफलता पाउछ । चाहे त्यो कुनै व्यापार होस्, पारिवारिक सम्बन्ध होस, राजनीतिक दलबीचको दुरी होस् लगायतका कार्यमा सहयोग र सहकार्य गरिए भने सो कामले सकारात्मक रुप पाउछ । त्यस्तै हो अपराध मुक्त समाजको परिकल्पनालाई साकार पर्न सहयोग र सहकार्य आवश्यक छ । त्यो पनि प्रहरी र जनताबीच । यी दुबैबीच हुने जुनसुकै सहकार्यले समाजबाट अपराधलाई मुक्त पार्न सकिनछ ।

यस चाहनालाई साकार पार्न नेपाल प्रहरी दिनरात लागिपरेको छ । सप्तरी प्रहरीले विगतका समयमा अपराध गरेर फरार रहेका विभिन्न प्रतिवादी र अपराधमा संलग्नहरुलाई धमाधम पक्राउ गर्न लागिपरेको छ । विशेष गरि अदालतबाट सजाय पाएर फरार रहेका ती प्रतिवादीहरुलाई प्रहरीले अहिले पक्राउ गर्न विशेष अभियान नै संचालन गरेको छ । यता पक्राउ परेकाहरुलाई अदालतमा पेश गरि सजाय भुक्तान गर्न कारागार चलान गर्दै आएको छ । यसरी प्रहरीले चलाएको अभियान सह्रनीय रहेको छ । यता समाजबाट अपराध मुक्त गर्ने कार्य प्रहरीको मात्र नभएर सिंगो समाजको पनि रहेको छ । यसका लागि सर्वप्रथम अपराधलाई निरुत्साहित गर्न सबैको सहयोग आवश्यक हुन्छ ।  अपराध मुक्त समाजको परिकल्पना गरेर मात्र नभएर यसको निराकरणप्रति पनि सबै सचेत हुनुपर्दछ ।

तसर्थ जुनसुकै पनि अपराधलाई निरुत्साहित पार्न जनताले प्रहरीलाई सहयोग गर्नुपर्दछ । अनि मात्र सोचे अनुसारको प्रतिफल पाइन्छ । प्रहरी जनताकै लागि हो । जनताको सेवा समर्पित प्रहरीको हौसला बढाउन आजदेखी हामी लागि पऱ्यौ भने समाज एक दिन अपराध मुक्त हुने विश्वास राखौं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# हैजा रोग - सचेतना र समाधान



डा पल्लवी कोइराला

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ ले मानवजातीलाई यति आक्रान्त बनाइसकेको छ कि हामी त्यो भन्दापनि जोखिमपूर्ण रोगहरुलाई पनि बेवास्ता गर्न थालिसकेका छौं । त्यसैको सानो प्रतिनिधि दृष्टान्त हो- करिब एक महिना अगाडि नेपालको पश्चिमी तराईको कपिलवस्तुको कृष्णनगर नगरपालिकामा फैलिएको हैजाको प्रकोप । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचना अनुसार त्यहाँ हजारौं मानिसहरु यो रोगबाट संक्रमित भए भने कैयौंको ज्यान पनि गयो । नेपालमा केहि दिन अगाडि मात्र हैजाको ओरल कलेरा भ्याक्सिन नेपाल आइपुगेको छ जसले मृत्यु दर घट्नुका साथसाथै  समाजमा ठूलो राहत प्रदान गर्ने छ ।

विश्व स्वास्थ्य संगठन गाभी र युनिसेफको ग्लोबल स्टल पाइलुमा रहेको उक्त खोप युनिसेफको सप्लाई डिभिजन नेटवर्क हुँदै नेपाल भित्रिएको हो । २१औं शताब्दीमा पनि झाडापखालाको रोगबाट मृत्यु भएको देख्नु अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हो । सुरक्षित पिउने पानी र उचित सरसफाइ पूर्वाधारको अभाव भएका धेरै असुरक्षित बस्ती र  बिपन्न वर्गहरुमा हैजा एक प्रमुख हत्याराको रूपमा रहेको पाइन्छ ।

हैजा भनेको दुषित पानी पिउदा वा दुषित खाना खाँदा ब्याक्टेरियाबाट सर्ने रोग हो । गम्भीर हैजालाई ठूलो मात्रामा पानीको पखालाले चित्रण गर्छ । जसलाई प्राय: चामल-पानी मलु भनेर वर्णन गरिएको छ । किनभने यो फिक्का, दूधे समेत देखिन सक्छ । यो वाकवाकी र बान्तासंग पनि हुन सक्छ । यदि समयमै उपचार गरिएन भने घातक हुन सक्छ । हैजाको ब्याक्टेरिया भिब्रियो कोलेरा संक्रमणपछि एक देखि दस दिनसम्म दिसामा रहन्छन् र वातावरणमा फैलिनसक्छ र  सम्भावित रूपमा अन्य मानिसहरूलाई सङ्क्रमण गर्दछ ।

हैजा निम्त्याउने ब्याक्टेरिया सामान्यतया संक्रमण भएको व्यक्तिको मलबाट दूषित खाना वा पानीमा पाइन्छ । सामान्य स्रोतहरू जस्तैः नगरपालिकाको अव्यवस्थित पानी आपूर्ति, सडक बिक्रेताहरुद्वारा खुल्ला स्थानमा बेचेको खाना र पेय पदार्थ, दिसा पिसाव मिसिएको पानीमा फल्ने तरकारी, काँचो वा कम पकाएको माछा र ढलको प्रदूषित पानीमा यसका अवशेषहरु सक्रिय रुपले जीवित रहन्छन् । जब एउटा व्यक्तिले दूषित खाना वा पानी उपभोग गर्दछ, ब्याक्टेरियाले आन्द्रामा विषाक्त पदार्थ छोड्न थाल्छ जसले गम्भीर पखाला उत्पन्न गर्दछ ।

हैजा सजिलै र छिटो फैलन्छ तर यसको सजिलै उपचार पनि गर्न सकिन्छ । हैजाको प्रकोपको बेला उपचारमा द्रुत पहुँच आवश्यक छ । ओरल रिहाइड्रेसन थेरापी अर्थात जीवनजल समुदायहरूमा उपलब्ध हुनुपर्दछ । ठूला उपचार केन्द्रहरूमा तुरुन्त आवश्यक जनशक्ति खटाउनुपर्छ । जसले ओआरएस र २४ घण्टा हेरचाह प्रदान गर्न सक्छ । प्रारम्भिक र उचित उपचारले मृत्यु दर १ प्रतिशतभन्दा रहेको छ । हैजाको प्राथमिक रोकथाम व्यक्तिगत स्तरमा उपयुक्त व्यक्तिगत सरसफाइ, सफा खानेपानी आपूर्ति, सफा र पोषिलो खानाको उचित तयारी, साथै तत्काल पहिचान र उपचारद्वारा प्राप्त गर्न सकिन्छ । समुदायमा उचित र व्यापक खोपको माध्यमबाट सामुहिक प्रतिरोधात्मक क्षमता (हर्ड इम्यूनिटी) विकास गर्नका साथै प्रकोपको प्रारम्भिक पहिचानको माध्यमबाट समुदाय स्तरमा ब्यापक सचेतना जागृत गराउन सकिन्छ ।

स्थानीय तहसंगको सक्रिय सहभागितामा प्रकोपको समयमा ब्यापक र द्रुत गतिमा सचेतना अभियानहरू सञ्चालन गर्नुपर्दछ । समुदायलाई हैजाको सम्भावित जोखिम र लक्षणहरूबारे जानकारी, हैजाबाट बच्न अपनाउनु पर्ने सावधानी, समन्वय र सहकार्य गर्नुपर्ने स्थानहरु र लक्षणहरूका सम्वन्धमा निरन्तर सुसुचित गराउनुपर्दछ । पहुँचयुक्त र उपयुक्त उपचार स्थलहरु साझा गर्नुपर्छ । सामुदायिक चासो, सरोकार र संलग्नताले व्यवहारमा दीर्घकालीन परिवर्तन भई हैजा नियन्त्रणको लागि महत्वपूर्ण हुन्छ ।

हैजाको प्रकोप नियन्त्रण गर्न र हैजाको उच्च जोखिम मानिने क्षेत्रहरूमा रोकथामका लागि पानी र सरसफाइमा भएको सुधारको संयोजनमा हैजा खोप प्रयोग गर्नुपर्छ । सरकारले हैजाको रोकथामका लागि हात धुने प्रविधि जस्तो राम्रो र प्रभावकारी क्षेत्रमा लगानी गरिरहेको छ । हात धुनु महत्त्वपूर्ण पाटो भएता पनि नेपालमा हैजा सर्ने अन्य नयाँ मार्गहरू देखा परिरहेका छन् ।

विश्व स्वास्थ्य संगठनको हैजा नियन्त्रण साझेदारहरूको ग्लोबल टास्क फोर्स इन्डिङ कोलेरा अ ग्लोबल रोडम्याप टू २०३० को कार्यान्वयन मार्फत हैजा अन्त्य गर्ने कार्यको लागि आह्वान गरेको छ । हैजाबाट प्रभावित देशहरूलाई हैजाको संक्रमण अन्त्य गर्न थप प्रयास र स्रोतहरू पहिचान गराउन आग्रह गरिएको छ । यस सन्दर्भमा, हैजा विरुद्धको खोपले हैजाको प्रकोप रोकथाममा महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

हैजा नियन्त्रणको दीर्घकालीन समाधानका लागि सुसुचित समाज, सुरक्षित पिउने पानी र पर्याप्त सरसफाइमा पहुँच बढाउनु जरुरी छ । नेपालमा हैजाको प्रकोपको निगरानीलाई द्रुत रूपमा पत्ता लगाउन र प्रतिक्रिया दिन राष्ट्रिय तयारीलाई बलियो बनाउन अत्यन्त आवाश्यक देखिन्छ । एकीकृत र प्रभावकारी समाधानका लागि  नीति निर्माणकर्ता, जनस्वास्थ्य प्रशासक र प्रबन्धकहरू र स्वास्थ्य सेवासँग सम्वन्धित व्याक्तित्वहरूको संलग्नता र प्रतिबद्धता आवश्यक छ । यो रोगको निगरानी र प्रकोपलाई द्रुत रूपमा समाधान गर्न स्थानीय तह, प्रादेशिक तथा सरोकारवाला सबै पक्षबाट राष्ट्रिय तयारीलाई बलियो बनाउन अत्यन्त आवश्यक छ । (डा कोइराला कलेज अफ मेडिकल साइन्स, भरतपुरमा कम्युनिटी मेडिसिन तेस्रो वर्ष अध्ययनरत छिन्।) स्वास्थ्य खबरबाट




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# कसरी जोगिने वायु प्रदूषणबाट ?

**डा. केदार कार्की**



प्रदूषण मानवीय जीवनका लागि एउटा ठूलो समस्या बन्दै गएको छ । यसका धेरै कारण छन् । हावामा प्रदूषणको एउटा कारण प्राकृतिक रूपमा उड्ने धूलो मानिन्छ । कलकारखानाहरूको परिचालन या जंगलको डढेलोबाट तमाम किसिमका हानिकारक कण हावामा मिसिन्छन्, जसले पर्यावरण दूषित हुन्छ ।

त्यस्तै, सवारी साधनदेखि थर्मल प्लान्ट बढ्नाले प्राकृतिक पर्यावरणमा परिवर्तन भइरहेको छ । आवादी बढ्नाले प्रदूषण पनि धेरै द्रुत रूपमा बढ्दो छ । प्रदूषण चाहे पानीका कारणले होस् वा हावाको कारणले यसले मानवीय स्वास्थ्यलाई बरवाद गरेको छ । प्रदूषणका कारण क्यान्सर, हृदयरोगसमेत हुने गरेको छ ।

वायु प्रदूषण एउटा यस्तो प्रदूषण हो, जसका कारण दिनप्रतिदिन मानव स्वास्थ्य बिग्रँदो छ । अनि पर्यावरणमा पनि यसको नराम्रो प्रभाव पर्दो छ । प्रदूषणले ओजोन तह पातलो गर्नमा मुख्य भूमिका निर्वाह गर्दछ, जसका कारण जसै हामी घर बाहिर पाइला राख्छौं, हामी अनुभूति गर्न सक्छौं कि हावा कति हदसम्म प्रदूषित भइसकेको छ । धुवाँको मुस्लो सवारी साधन एवं कलकारखानाहरुको चिम्नीबाट निस्किराखेको सजिलै देख्न सक्छौं ।

थर्मल पावर प्लान्टसबाट निस्किने फ्लाइ ऐश हावामा फैलिने खरानीका कारण हावालाई प्रदूषित गरिराखेको छ । जहाँ वायुलाई प्रदूषित गर्ने खाले प्रदूषण बढी हुन्छ, त्यहाँ आँखा पोल्ने, छातीमा अप्ठ्यारो महशुश हुने एवं खोकी लाग्ने सामान्य मानिन्छ । अन्जायना (एक हृदयरोग) वा अश्यमा (फोक्सोको एक रोग) वा अचानक स्वस्थ्य अवस्था विग्रनु पनि वायु प्रदूषणको संकेत मानिन्छ । जसै जसै वायुमा प्रदूषण निखिदै जान्छ, स्वास्थ्य पनि ठीक हुँदै जान्छ । बूढापाकाभन्दा केटाकेटीहरू बढी नाजुक हुन्छन्, यसैले तिनमा वायु प्रदूषणको प्रभाव अधिक पर्दछ एवं छिटै विरामी पर्दछन् । त्यसैले, बढी वायु प्रदूषण भएको बेला बालबालिकाहरुलाई घरभित्र राख्नु बुद्धिमानी हुन्छ ।

वायु प्रदूषणका आधार निम्न रहेका छन ।

**कार्वन मनोअक्साइड :**

यो एउटा अधकल्चो कार्वन हो, जुन पेट्रोल, डिजेल इन्धन एवं काठदाउरा बाल्दा उत्पन्न हुन्छ । यो सिगरेटबाट पनि उत्पन्न हुन्छ । यसले शरीरमा अक्सिजनको कमी गराउँदछ, जसले गर्दा हामी निद्रामा अप्ठ्यारो अनुभूति गर्दछौं ।

**कार्वनडाइअक्साइड :**

कार्वनडाइअक्साइड एक प्रकारको हरित गृह ग्यास हो । जुन कोइला, तेल एवं प्राकृतिक ग्यास जलाउनाले उत्पादन हुन्छ ।

**क्लोरोफ्लोरो कार्वन :**

यो ओजोन नष्ट गर्ने खाले एक प्रकारको रसायन हो । जब यसलाई एयर कन्डिशिनिङ्ग एवं रेफ्रिजेरेटरका लागि उपयोग गरिन्छ, तव यसका कारण हावामा मिसिएर वायुमण्डलको समताप मण्डलसम्म पुग्दछ । र, अन्य ग्यासहरुसँग मिसिएर ओजोन तहलाई क्षति पुऱ्याउँछ । यही ओजोन तह जसले जमिनमा जीवजन्तुहरु एवं वनस्पतिहरुलाई सूर्यको नोक्सानबाट पुऱ्याउने परावैजनी किरणहरुबाट बचाउँदछ । यही कारणले होला क्लोरोफ्लोरो कार्वन मानव एवं अन्य जैविक जगतका लागि धेरै घातक मानिन्छ ।

सिसा, लीड सिसा, डिजेल, पेट्रोल, ब्याट्री पेन्ट एवं हेयर डाइमा पाइन्छ । सिसाले खासगरी बालबालिकाहरुलाई प्रभावित गर्दछ । यसबाट मस्तिष्क एवं पाचनक्रिया खराव हुने गर्दछ । यसको दुष्प्रभावले क्यान्सर पनि हुन सक्दछ ।

ओजोन तह वायुमण्डलमा समताप मण्डलको सबैभन्दा माथिल्लो तह मानिन्छ । यो एउटा विशेष एवं महत्वपूर्ण ग्यास मानिन्छ । यसको काम सूर्यलाई हानी पुऱ्याउने परावैजनी किरणहरुलाई भूमिको सतहमा पुग्नबाट रोक्नु मानिन्छ । फेरी पनि जमिनी सतह धेरै दूषित छ, एवं जहरिलो पानी कलकारखानाहरुबाट ओजोन ठूलो मात्रामा निस्कन्छ । यसले गर्दा आँखामा पानी आउँछ, पोल्छ पनि ।

**नाइट्रोजन अक्साइड :**

यसका कारणले धमिलो एवं अम्लिय वर्षा हुने गर्दछ । यो ग्यास पेट्रोल, डिजेल एवं कोइला बाल्दा निस्कन्छ । यसबाट बालबालिकाहरु धेरैखाले रोगव्याधि हुन्छन्, जुन जाडो मौसममा देखिन्छ ।

**निलम्बित अभिकणीय पदार्थ :**

यो हावामा ठोस धुवाँधूलोको कणको रुपमा हुन्छ, जुन एउटा खास समयसम्म रहिरहन्छ । जसका कारण फोक्सोलाई नोक्सानी पुऱ्याउँछ एवं सास फेर्न गाह्रो हुन्छ ।

**सल्फरडाइअक्साइड :**

कोइलालाई थर्मलप्लान्टमा जलाइँदा जुन ग्यास निस्किन्छ, त्यही हो सल्फरडाइ अक्साइड । धातुलाई गलाउन एवं कागजलाई तयार गर्दा निस्कने ग्यासहरुमा पनि सल्फर अक्साइड हुन्छ । यो ग्यास तुवाँलो उत्पन्न गराउन एवं अम्लिय वर्ष गराउन अति सहयोगी मानिन्छ । सल्फरडाइअक्साइडका कारण फोक्सोजन्य रोग व्याधि लाग्ने खतरा बढेर जान्छ ।

**वायु प्रदूषणबाट कसरी बच्ने ?**

सूचना प्रविधिको युग आएको छ । त्यसैले, सरकारले यस्तो नीति बनाओस्, जसले गर्दा कर्मचारी घर बसी बसी काम गरुन् । एक सातामा एक दिन मात्र कार्यालय आउने व्यवस्थाले सवारी साधन चलन स्वतः कम हुन्छ । सार्वजनिक यातायात सेवाको प्रयोग तथा धेरैभन्दा धेरै साइकल प्रयोग गरेर सवारी साधनबाट हुने प्रदूषण घटाउन सकिन्छ ।

आफ्नो घर वरिपरिका बोटविरुवाहरुको हेरचाह गरी हरियाली बढाएर प्रदूषण घटाउन सकिन्छ । यसका साथै, आवश्यक नपरेको बेला विद्युतजन्य चीजको प्रयोग नगर्ने, आँगन, करेसाबारीमा भएका झारपात सुको छन् भने नबाल्ने बरु कम्पोष्टमल बनाउने, आफ्नो सवारी साधनको प्रदूषण परीक्षण प्रत्येक तीन महिनामा गर्ने बानी बसाल्न सके पनि प्रदूषण घटाउन सकिन्छ । बाहिरको दाँजोमा घरभित्र प्रदूषण कम हुन्छ । त्यसैले प्रदूषण बढी हुने बेला घरमा नै बस्नु उपयुक्त हुन्छ, यसका लागि लकडाउन हुनैपर्छ भन्ने छैन ।

मानव जिन्दगी एक पटक मात्रै पाइन्छ । त्यसैले, स्वस्थ्य जीवन बाँचन सकेसम्म पर्यावरणमा प्रदूषण हुने सबैखाले प्रदूषण न्यूनीकरण एवं नियन्त्रण कार्यमा हामी आफैं पनि सक्रिय सहभागी होऔं, अरुलाई पनि अभिप्रेरित गरौं । सरकारी निकायको काम त त्यही एउटा विज्ञापन निकाल्नु अनि सचेतनाका लागि वर्षदिनमा वातावरण दिवस मनाउने प्रभातफेरी निकाल्नुसम्म त हो ।

रातोपाटीबाट


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय सप्तरी

# सप्तरीका दुबै अदालतको सेवा ठप्प







**राजविराज**/प्रधान न्यायाधीश चौलेन्द्र शम्शेर जबराको राजीनामा माग गर्दै राजविराजस्थित उच्च अदालत जनकपुर राजविराज इजलाश र सप्तरी जिल्ला अदालतको सेवा ठप्प पारिएको छ ।

आन्दोलनरत नेपाल बार एशोसिएशनमा आवद्ध कानुन व्यवसायीमाथी सर्वोच्च अदालत परिसरमा भएको प्रहरी दमनको बिरोधमा राजविराज उच्च अदालत बार एशोसिएशनको बसेको आकस्मिक बैठकले दुबै अदालतको सेवा ठप्प गर्ने निर्णय गरेको हो ।

एशोसिएशनका सचिव मो. समिम अख्तर अलीले बारका अध्यक्ष भरत यादवको अध्यक्षतामा बसेको आकस्मिक बैठकले तोकिएको बन्दी प्रत्यक्षीकरण र थुनछेक बहस बाहेकका सम्पूर्ण पेशीहरु स्थगित गर्ने निर्णय गरेको हो ।

यस्तै शुक्रबार पनि तोकिएको बन्दी प्रतयक्षीकरण र थुनछेक बाहेकका सम्पूर्ण पेशीहरु स्थगित गर्ने निर्णय गरेको र सो बारे दुबै अदालतलाई लिखित जानकारी गराई सहयोगका लागि अनुरोध गरेको जानकारी दिए ।

जारि विज्ञप्तिमा भनिएको छ, "अदालत परिसरमा बारको विरोध प्रदर्शनमा सुरक्षाकर्मीको बल प्रयोग, मानव अधिकार उल्लङघनको चरम नमूना हो ।"

# लक्ष्मी-मुक्ति स्मृती पत्रकारिता पुरस्कार वरिष्ठ पत्रकार झालाई प्रदान

**राजविराज**/यस वर्षको लक्ष्मी-मुक्ति स्मृती पत्रकारिता पुरस्कार २०७८ वरिष्ठ पत्रकार बैजनाथ झालाई प्रदान गरिएको छ ।

लक्ष्मी-मुक्ति स्मृती पत्रकारिता पुरस्कार कोषद्वारा मंगलबार नेपाल पत्रकार महासंघ सप्तरीको सभाकक्षमा आयोजित कार्यक्रममा पुरस्कृत पत्रकार झालाई प्रमुख अतिथि पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देवले नगद ५ हजार ५ रुपैया प्रदान गरि दोसल्ला र कदरपत्रबाट सम्मान गरे ।

पत्रकार महासंघका पूर्वसभापति शिवहरि भट्टराईले आफ्ना आमा लक्ष्मीदेवी र बुवा मुक्तिनाथ उपाध्यायको नाउँमा अक्षय कोषको स्थापना गरि गत वर्षदेखी लक्ष्मी-मुक्ति स्मृति पत्रकारिता पुरस्कार प्रदान गर्दै आएका छन् । उक्त पुरस्कारबाट सम्मानित हुने झा दोश्रो पत्रकार हुन् । यसअघि २०७७ सालको उक्त पुरस्कारबाट सप्तरीका वरिष्ठ पत्रकार ब्याशशंकर उपाध्याय सम्मानित भएका थिए ।

कार्यक्रममा कोषका संस्थापक तथा मिडिया काउन्सील प्रदेश २ का अध्यक्ष समेत रहेका शिवहरिप्रसाद भट्राइले आगामी वर्षदेखी सो पुरस्कारको राशी ७ हजार पुऱ्याउने घोषणा गरे । उनले जन्म दिने आमा लक्ष्मी र कर्मक्षेत्रमा सहयोग गर्ने आमा बालकुमारीको नाम समेत जोडेर आगामी वर्षदेखी पुरस्कार राशी बृद्धि गरिने बताए ।

सो अवसरमा पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साह, आधिकारिक कर्मचारी युनियनका अध्यक्ष अजय झा, प्रेस काउन्सीलका पूर्व सदस्य एवं वरिष्ठ पत्रकार अनिल कुमार अनल, पत्रकार महासंघका पूर्व सभापति विष्णु मण्डल, धिरेन्द्र साह लगायतले शुभकामना दिएका थिए ।

# सबै संस्थागत विद्यालयमा एकै खाले पाठ्यपुस्तक लागु गर्ने निर्णय

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिले सम्पूर्ण संस्थागत विद्यालयहरुमा एकै खालको पाठ्यपुस्तक लागू गर्ने निर्णय गरेको छ ।

गाउँपालिकाको शिक्षा शाखा प्रमुख राजेश कुमार झाको अध्यक्षतामा बुधबार सम्पन्न बैठकले सबै विद्यालयमा एकै खालको पाठ्यपुस्तक लागू गर्ने निर्णय गरेको हो ।

सो बैठकले संस्थागत विद्यालयहरुले विद्यार्थीहरुबाट लिने शुल्कमा पनि एकरुपता कायम गर्ने तथा विभिन्न परीक्षाहरु समेत एकै मितिमा सञ्चालन गर्ने निर्णय गरेको जनाएको छ ।

सो समितिले सबै विद्यालयमा एकरुपता कायम गर्न नर्सरीदेखि १० कक्षासम्मको पाठ्यपुस्तक सम्बन्धमा अध्ययन गरी सूचीतयार गर्ने र त्यसमाथि वृहत छलफल गरी निर्णय गरिने शिक्षा शाखा प्रमुख राजेश कुमार झाले जानकारी दिए ।

## *सप्तरीको छुट्टाछुट्टै ...*

लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा ल्याइएको र उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता जिल्लाकै खडक नगरपालिका ६ वीरपुरमा शुक्रबार ट्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने सातजना घाइते भएका छन् ।

पूर्व पश्चिम राजमार्गमा पूर्वतर्फ आउँदै गरेको स१त ६२५६ नंको ट्र्याक्टरले विपरीत दिशाबाट जाँदै गरेको बा९३प ३५९ नंको मोटरसाइकललाई ठक्कर दिएपछि ट्र्याक्टर सडकबाट पाँच मिटर तल खसेर पल्टिएको थियो ।

सोही ट्र्याक्टरमा सवार सिरहाको नरहा गाउँपालिका-३ पाँडा टोलका रामदेव यादवकी ६५ वर्षीया पत्नी काशी यादवको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटना घाइते उनीलाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल ल्याइए पनि उपचारकै क्रममा उनको शुक्रबार मृत्यु भएको प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

यस्तै सोमबार एक ट्याक्टर अनियन्त्रित भई कपाल काट्ने सैलुनमा छिर्दा एक महिलाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । मृत्यु हुनेमा सडक नगरपालिका ६ चकवा बस्ने ७० वर्षिया अनारदेवी पासवान रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो नगरपालिका ७ कल्याणपुर चोकस्थित पश्चिम बस बसौनी छेउमा पूर्वबाट पश्चिमतर्फ जादै गरेको स.१त. ७०१९ नम्बरको ट्याक्टर अनियन्त्रित भई सैलुनमा छिर्दा पासवानको टाउको र नाकमा गम्भिर चोट लागेपछि उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पठाइएको थियो ।

सोही अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल**: गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोवर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लाटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

# विद्यापति स्मृतिमा विभिन्न कार्यक्रम

**राजविराज**/ मैथिली साहित्य परिषद सप्तरीले मैथिली भाषाका कवि कोकिल विद्यापतिको स्मृति एवं सम्झनामा विविध कार्यक्रमको आयोजना गरेको छ।

विद्यापति स्मृति पर्व समारोहको तीन दिने कार्यक्रम अन्तरगत बुधबार अन्तिम दिन झाँकी प्रर्दशन, श्रद्धाञ्जली सभा तथा पुरस्कार वितरण कार्यक्रमको आयोजना गरेको हो।

स्थानिय पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको प्राङ्गणबाट विद्यापतिको महत्व झल्कने आकर्षक झाँकीसहित निस्केको जुलुश नगर परिक्रमा पश्चात मैथिली भवनमा पुगी श्रद्धाञ्जली सभा तथा पुरस्कार वितरण समाहरोमा परिणत भएको थियो।



सो अवसरमा यस पटकको शिवदत्त मिश्र स्मृति पुरस्कारबाट विवेकानन्द मिश्र र विजेन्द्र विनोद स्मृति कला पुरस्कारबाट कुन्दन मण्डल "पप्पु" लाई सम्मान गरिएको छ।

यस्तै लक्ष्मी-विवेक मैथिली पत्रकारिता पुरस्कारबाट विष्णु मण्डल र शोभा देवी स्मृति पुरस्कारबाट मन्जु श्रेष्ठलाई सम्मानित गरिएको मैथिली साहित्य परिषदका अध्यक्ष सतिस कुमार दत्तले जानकारी दिएका छन्।

यस अघि परिषदद्वारा तीन दिवसीय कार्यक्रम अन्तरगत पहिलो दिन मिथिला अक्षर लेखन प्रतियोगिता र दोश्रो दिन साहित्यीक गोस्ठिको आयोजना गरिएको थियो।

परिषद्का अध्यक्ष सतिश दत्तको अध्यक्षता तथा जिल्ला समन्वय समिति सप्तरीका सभापति प्रभाकर यादवको प्रमुख आतिथ्यमा आयोजित सभाका वक्ताहरुले विद्यापतिको प्रतिभा र विद्धताबारे आ-आफनो विचार ब्यक्त गरेका थिए।

# दुई विद्यालयमा सरसफाई र सामाग्रि हस्तान्तरण

**राजविराज**/सप्तरीको एक स्थानिय तहका दुई वटा विद्यालयमा शुक्रबार सरसफाई गरिनुको साथै सरसफाईका सामग्रीहरु हस्तान्तरण गरिएको छ।

विश्व चर्पी दिवसको अवसरमा जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकास्थित पब्लिक माध्यमिक विद्यालय लौनियाँ तिलाठी र उमेश्वर आधारभूत विद्यालय लौनियाँमा सरसफाई गरिएको हो।

शौचालयको महत्व नाराका साथ युनिसेफको सहयोगमा गाउँपालिका र सप्तरी सामुदायिक विकास केन्द्र, नेपाल राजविराजद्वारा सो कार्यक्रम गरिएको हो।




विश्व चर्पी दिवसको अवसरमा दुवै विद्यालयमा गठित बाल क्लबद्वारा विद्यालय हाता तथा चर्पी सरसफाई गरिएको गाउँपालिकाका वास सम्पर्क ब्यक्ति किशोरकुमार झाले जानकारी दिएका छन्।

सो अवसरमा युनिसेफको सहयोगमा सप्तरी सामुदायिक विकास केन्द्र, नेपाल राजविराजले दुवै विद्यालयलाई बाल्टिन, जग, हार्पिक, ब्रस, प्याडल डस्टबिन, कभर सहितको ठूलो डस्टबिन, झाडु, फोटोकपी पेपर, रजिष्टर, स्टेपलर, पञ्चिङ, बलपेन, डिस्प्ले बोर्ड, टुल बक्स, ऱ्याकसहितको सामानहरु हस्तान्तरण गरिएको संस्थाका ईन्जिनियर मायानन्द चौधरीले जानकारी दिए।

यसैबीच युनिसेफका वास अफिसर अन्नपूर्णा मिश्रले हेल्थ डेस्क, विद्यालय तथा स्वास्थ्य चौकीको लागि गाउँपालिकालाई पाँच लिटरको २३ जर्किन स्यानिटाइजर हस्तान्तरण गरे। सरसफाई कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झा, युनिसेफका वास अफिसर अन्नपूर्णा मिश्र, प्रधानाध्यापकद्वय प्रभाष झा र प्रदिप मण्डल, गाउँपालिकाका वास सम्पर्क ब्यक्ति किशोरकुमार झा सहितको सहभागिता रहेको थियो।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


# अन्तर्राष्ट्रिय समाचार

## भारतमा एक दिनमा १० हजार नयाँ संक्रमित

**नयाँदिल्ली**/भारतका कोनाभाइरसबाट पछिल्लो एक दिनमा थप १० हजार ३०२ जना सङ्क्रमित भएका छन्। सोही अवधिमा अरु २६७ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। नयाँ सङ्क्रमितमध्ये आधाभन्दा बढी केरला प्रदेशका मात्रै रहेका छन्। मन्त्रालयका अनुसार केरलामा पाँच हजार ७५४ नयाँ सङ्क्रमित भएका हुन्। त्यसैगरी केरालामा मात्रै ४९ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको छ।

भारतको केरलामा पछिल्लो समय कोरोना भाइरसको महामारीको प्रभाव सबैभन्दा धेरै परेको छ। यसअघि महाराष्ट्र प्रदेश र दिल्ली प्रदेश बढी प्रभावित भएका थिए। अहिले ती प्रदेशमा अति न्यून भएपनि केरलामा महामारी धेरै नै देखिएको छ।

भारतमा अहिले कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या एक लाख २४ हजार ८६८ रहेको छ। यो सङ्ख्या कुल सङ्क्रमित भएकामध्येको ०.३६ प्रतिशत मात्रै हो। सक्रिय सङ्क्रमितको सङ्ख्या सन् २०२० को मार्च पछिकै सबैभन्दा कम भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन्। पछिल्लो २४ घण्टामा भारतमा ११ हजार ७८७ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यसरी एकै समयमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कम हुँदै गएको हो।

भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३९ लाख नौ हजार ७०८ रहेको मन्त्रालयले जनाएको छ। यो सङ्ख्या कुल सङ्क्रमितमध्येको ९८.२९ प्रतिशत हो। यो पनि सन् २०२० को मार्च पछिकै सबैभन्दा धेरै भएको मन्त्रालयका अधिकारीको भनाइ छ। एजेन्सी

## भारतमा बाढीका कारण १५ को मृत्यु, १०० बेपत्ता

**नयाँदिल्ली**/भारतको अन्द्र प्रदेशमा आएको बाढीका कारण कम्तीमा १५ जनाको मृत्यु भएको छ। बाढीले अरु १०० भन्दा बढीलाई बगाएर बेपत्ता बनाएको सरकारी अधिकारीले शनिबार विहान जानकारी दिएका छन्। निरन्तरको अत्यधिक बर्षाका कारण बाढी ठूलो आएको र धेरै क्षति गरेको खोजी तथा उद्धारकार्यमा खटिएकाले बताएका छन्।

बाढीले विषेश गरेर आन्द्र प्रदेशका चार जिल्ला चित्तुर, कडपा, कुर्नुल र अनन्तपुरमा बढी असर पारेको छ। बाढी प्रभावित क्षेत्रमा खोजी तथा उद्धारका लागि सुरक्षाकर्मी, उद्धारकर्मी र स्वयमसेवकको टोली खटिएका छन्।

राष्ट्रिय प्रकोप व्यवस्थापन फौजको मात्रै सात ओटा टोली खटिएको सरकारी अधिकारीले जानकारी दिएका छन्। खोजी तथा उद्धारकार्य जारी रहेपनि १०० जनाभन्दा बढी बेपत्ता भएकाले उनीहरुमध्ये अधिकांशलाई जिवितै भेटिने सम्भावना कम रहेको उद्धारकर्ताको भनाइ छ। उनीहरुका अनुसार बाढीका कारण मृत्यु भएकाको सङ्ख्या बढ्न सक्ने देखिएको छ। एजेन्सी

## जर्जियाको विपक्षी दलका नेताले जेलमै गरेको अनसन अन्त्य

**टिब्लिसी**/जर्जियाको विपक्षी दलका नेता तथा पूर्वराष्ट्रपति मिखाइल साकाश्भीलीले आमरण अनसन अन्त्य गर्नुभएको छ। जर्जियाको कारागारभित्रै अनसन सुरु भएको ५० दिनपछि शनिबार उहाँले अनसान अन्त्य गर्नु भएको हो। अनसनका कारण स्वास्थ्य अवस्था अत्यन्त नाजुक भएपछि निजि चिकित्सकको सल्लाहमा उहाँले हालका लागि अनसन अन्त्य गर्नु भएको जनाइएको छ।

कारागारमा अनसानका कारण स्वास्थ्य अवस्था बिग्रिएपछि उहाँलाई सैनिक अस्पतालमा स्थानान्तरण गरिएको छ। आफुलाई राजनीतिक पूर्वाग्रहका आधारमा गिरफ्तार गरेर जेलमा राखिएको भन्दै उहाँले आफुलाई तत्काल रिहा गर्न माग गर्दै कारागारमै अनसान बस्नु भएको थियो। अनसन गरिरहेका बेला ५३ वर्षीय नेता साकाश्भीली गत बिहीबार बेहोस हुनुभएको थियो। चिकित्सकले उहाँलाई तत्काल अस्पताल लैजान सुझाव दिएका थिए।

उहाँलाई नियमित स्वास्थ्य परीक्षण गर्नेगरी चिकित्सकको निगरानीमा राख्नु पर्ने र त्यसो गर्न नसकेमा उहाँको जीवन नै खतरामा रहेको चेतावनी चिकित्सकले दिएका थिए। चिकित्सकको सुझाव र सिफारिसका आधारमा न्याय मन्त्री राती ब्रेगाड्जले शुक्रबार उहाँलाई अस्पताल लैजान अनुमति दिनुभएको थियो।

"उहाँको स्वास्थ्य र सुरक्षाका लागि राज्य सधैँ तत्पर छ," मन्त्री ब्रेगाड्जले भन्नुभयो। उहाँले विपक्षी नेता साकाश्भीलीको स्वास्थ्य र सुरक्षाका लागि सबै उपाय अपनाउन सरकार तयार रहेको पनि स्पष्ट पार्नु भएको थियो। विपक्षी नेता साकाश्भीलीले अनसन तोडेपनि आफ्नो आन्दोलन र माग भने यथावत रहेको स्पष्ट पार्नु भएको छ।

"मैले पूर्वाग्रहपूर्ण तरिकाले मलाइ कारागार राखिएको विषयलाई स्वभाविक मानेको छैन, म यसलाई अवैध र अवैधानिक नै मान्छु, म स्विकार गर्दिन," उहाँले भन्नु भएको छ। आफुलाई गरिएको अन्यायका विरुद्धमा आफू बाँचुन्जेल लडिरहने र प्रतिवाद गरिरहने अठोट पनि उहाँले व्यक्त गर्नु भएको छ।

सन् २०१८ मा उहाँलाई वर्षे जेल सजाय तोकिएको हो। पदमा रहँदा शक्ति र श्रोत साधनको दुरुपयोग गरेको आरोपमा उहाँलाई कारागार चलान गरिएको थियो। त्यस आरोपलाई उहाँले भने अस्विकार गर्दै आउनु भएको छ। अहिलेको सत्ताधारीले आफुलाई राजनीतिक पूर्वाग्रहका आधारमा दोषी देखाएर कारागारमा राख्न लगाएको उहाँको दावी छ।

स्वास्थ्य अवस्था अति जटिल हुँदासमेत उहाँले आफ्नो अडान र दावीलाई दृढताका साथ कायमै राख्नु भएको छ। चिकित्सकले उहाँको अवस्था अहिले पनि खतरापूर्ण रहेको जानकारी दिएका छन्। तर सुधार भने हुन थालेको उनीहरुले बताएका छन्। एजेन्सी

# प्रदेश २ का उद्योग मन्त्री पदमुक्त

**जनकपुरधाम**/प्रदेश २ सरकारले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामनरेश राय यादवलाई पदबाट पदमुक्त गरेको छ।

यसअघि मंगलबार मन्त्री यादवलाई राजीनामा दिन आग्रह गरेको तर नदिएपछि पदमुक्त गरेको अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले जानकारी दिएका छन्।

जनता समाजवादी पार्टीका नेतासमेत रहेका यादवले सम्हालिरहेको मन्त्रालय नेकपा एकीकृत समाजवादीलाई दिने तयारी रहेको छ।

यता बर्खास्तीमा परेका यादवले मुख्यमन्त्री लालबाबु राउतको राजीनामा मागेका कारण आफूलाई हटाइएको बताएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बेटी पढाऔं, बेटी बचाऔं अभियान अन्तर्गत कक्षा ८ का छात्रालाई वितरण गर्न साइकल खरिद गर्दा अनियमितता भएको भनी सोमबार अभियुक्त दिएपछि यादवले मुख्यमन्त्री राउतलाई राजीनामा दिन भनेका थिए।

# डेढ सय गाजाका बोट नष्ट

**राजविराज**/सप्तरीको खडक नगरपालिकाको विभिन्न स्थानमा स्थानीयले लगाएका करिब डेढ सय गाँजाको बोट प्रहरीको टोलीले शुक्रबार नष्ट गरेको छ।

इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको टोलीले खडक नगरपालिका वडा नम्बर ८ स्थित मझौ, बिसनपुर लगायतको स्थानमा स्थानीयहरुले लगाएको करिब डेढ सय गाँजाको बोट फडानी गरी नष्ट गरेको हो।

करेशाबारीमा स्थानीयहरुले लुकाई छिपाई गाँजाको बोट लगाएको गोप्य सुचनाको आधारमा खटिएको प्रहरी टोलीले बोट फडानी गरी नागरिक समाज, बुद्धिजीवी तथा सञ्चारकर्मीको रोहबरमा नष्ट गरिएको इलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरीक्षक उमाशंकर प्रसाद साहले जानकारी दिए।

# पछाडी पारिएका जाति समुदायको हक अधिकार अझै पूर्ण रुपले स्थापित भईसकेको छैन् : उपेन्द्र यादव




**राजविराज**/जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देशमा सदियौंदेखी पछाडी पारिएका जाति समुदायको हक अधिकार अझै पूर्ण रुपले स्थापित नभईसकेको बताएका छन्।

सप्तरीको कंचनपुरमा मंगलबार आयोजित संगठन सुदृढीकरण तथा जनजागरण अभियान एवम बृहत पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन।

विभेद र उत्पीडनमा परेको जाती समुदायको अधिकार सुनिश्चितताको लडाई अझै जारि नै रहेको बताउँदै अध्यक्ष यादवले गणतन्त्र, संघीयता समावेशिता सहितको उपलब्धि रक्षाका लागि उत्पीडित समुदायहरु एकजुट हुनुपर्नेमा जोड समेत दिए।

उनले स्थानीय सरकारदेखि साँसद र राज्यको हरेक शासन र प्रशासनसम्म मधेसी, आदिवासी जनजाति, थारु, दलित, मुश्लिम, महिला, अल्पसंख्यक समुदायको प्रतिनिधित्व सुनिश्चित संघीय प्रणालीकै कारण भएको प्रष्ट पारे।

देशमा संघीयता, गणतन्त्र, समावेशिता सहितको व्यवस्था स्थापनाकामा जसपाको अग्रणी भुमिक रहेको उल्लेख रहेको भन्दै आर्थिक रुपान्तरणको प्रमुख बाधक माथीदेखी तलसम्म हुने भ्रष्टाचार भएको उल्लेख गरे।

बन्द उद्योगलाई पुनः संचालनमा ल्याई स्वादेशमै रोजगारीको सृजना गर्न पार्टी लागि परेको बताउँदै नागरिकता सम्बन्धि ऐन साँसदमा पेश भईसकेकोले चाडै साँसदबाट पास हुने उनको विश्वास छ।

जनता समाजवादी पार्टी नेपाल कंचनरुप नगरपालिका अध्यक्ष सुदम्बर यादवको अध्यक्षतामा आयोजित कार्यक्रमा राष्ट्रिय सभा सदस्य एवम पुर्व मन्त्री मृगेन्द्र सिंह यादव, प्रदेश २ का अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, सामाजिक विकास मन्त्री नवल किशोर साह, सप्तरी निर्वाचन क्षेत्र नम्बर १ का साँसद डा. सुर्य नारायण यादव, जसपा तराई मधेश प्रदेश समितिका निवर्तमान मुख्य सचिव शम्भु झा, जसपा सप्तरीका अध्यक्ष केदार यादव, नेपाल पत्रकार महासंघ प्रदेश २ का सचिव भोला पासवन लगायतकाले सम्बोधन गरेका थिए।

कार्यक्रममा कांग्रेस, एमाले, माओबादी लगायतका विभिन्न पार्टी परित्याग गरि हजारौं नेताकार्यकर्ता जसपामा प्रवेश गरेका थिए। पार्टीमा नेवाः देय दबु प्रदेश नम्बर २ का अध्यक्ष दक्ष नारायण श्रेष्ठ, पुर्व जिल्ला अध्यक्ष बम बहादुर श्रेष्ठको नेतृत्वमा ४ सय भन्दा बढी कांग्रेस नेताकार्यकर्ता जसपामा प्रवेश गरे। यस्तै माओबादी केन्द्र निकट वाईसीएल सप्तरीका उपाध्यक्ष एवं प्रदेश सदस्य शोभा पासवान, नेकपा राज्य समिति सदस्य रबिन पासवान, पुर्व जिल्ला उपसभापति भुपेन्द्र चौधरी लगायत प्रवेश गरेका छन्। नव प्रवेशीहरुलाई राष्ट्रिय अध्यक्ष यादवले गम्छा र टीका लगाएर स्वागत गरे।

# जनगणनाका कर्मचारी पदमुक्त

**राजविराज**/राष्ट्रिय जनगणनामा खटिएका सप्तरीका एक कर्मचारीलाई पदमुक्त गरिएको छ।

राष्ट्रिय जनगणना कार्यालय सप्तरीले जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकामा सुपरिवेक्षक पदमा खटिएका मनोज कुमार मेहतालाई पदमुक्त गरेको हो।

श्रोतका अनुसार मेहताले जनगनकहरुलाई मैथिली मातृभाषाको स्थानमा मगाई मातृभाषा लेखाउनेतर्फ निर्देशन दिने गरेका थिए।

कार्यालयका जनगणना अधिकारी सञ्जय कुमार चौधरीले उनलाई आचार संहिता विपरित कार्य गरेको भन्दै पदमुक्त गरिएको बताए।




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np